# राष्ट्रिय स्वास्थ्य बीमाको बारेमा

## 1 राष्ट्रिय स्वास्थ्य बीमा प्रणाली भनेको के हो? <सम्पूर्ण देशवासी बीमा>

विस्तृत जानकारीको लागि यहाँ हेर्नुहोस्।

राष्ट्रिय स्वास्थ्य बीमा भनेको सदस्यहरूले नियमित रूपमा आफ्नो आय अनुसारको बीमा प्रिमियम भुक्तानी गरी आफूले चिकित्सा सेवा शुल्कको एक अंश मात्र बेहोरेर चिकित्सा जाँच तथा उपचार गराउन सक्ने पारस्परिक सहयोग प्रणाली हो। हरेक महिना बीमा प्रिमियम भुक्तानी गर्नु दायित्व हो र त्यसबापत राष्ट्रिय स्वास्थ्य बीमा प्रयोग गरी उपचार गराउन सक्ने अधिकार प्राप्त हुन्छ।

3 महिना भन्दा लामो बसोबास अवधि भई जापानमा निवासी दर्ता गरेको व्यक्ति अन्य सार्वजनिक स्वास्थ्य बीमामा सहभागी नभएको खण्डमा राष्ट्रिय स्वास्थ्य बीमामा सहभागी नभईकन हुँदैन (यसमा "चिकित्सा सेवा लिने गतिविधि र उक्त व्यक्तिको दैनिक जीवनमा सेवा गर्ने गतिविधि", "पर्यटन, स्वास्थ्यलाभ तथा अन्य यस्ता गतिविधिहरू" मा पर्ने विशेष गतिविधिहरू पर्दैनन्।)।

**"बिरामी भइन्छ कि भइँदैन थाहा हुँदैन", "बीमा प्रिमियम भुक्तानी गर्न चाहँदिनँ" जस्ता कारणहरू देखाई राष्ट्रिय स्वास्थ्य बीमामा सहभागी नहुन सकिँदैन। साथै कदापि अरूको बीमा कार्ड प्रयोग गर्नु हुँदैन! यदि अरूको बीमा कार्ड प्रयोग गरेमा वा अरूलाई बीमा कार्ड सापटी दिएमा जापानको कानुन अनुसार सजाय हुनेछ।**

## 2 राष्ट्रिय स्वास्थ्य बीमामा सहभागी हुने प्रक्रियाको बारेमा **14 दिन भित्र प्रक्रिया गर्नुहोस्।**

1 जापान प्रवेश गरेको बेला

समग्र काउन्टर शाखामा बसाइँ सरेर आएको आवेदन दियो भने केही दिन पछि हुलाक मार्फत रेजिस्टर मेलद्वारा बीमा कार्ड तपाईंको घरमा पठाइनेछ। निवासी कार्यालयमा एकैसाथ बसाइँ सरेर आएको (आवेदन दिन) र राष्ट्रिय स्वास्थ्य बीमामा सहभागी हुन सकिन्छ।

2 बसाइँ सरेर तोसिमा सहरमा आएको बेला (अघिल्लो ठेगाना भएको ठाउँमा राष्ट्रिय स्वास्थ्य बीमामा सहभागी भएको खण्डमा)

समग्र काउन्टर शाखामा बसाइँ सरेर आएको आवेदन दियो भने केही दिन पछि हुलाक मार्फत रेजिस्टर मेलद्वारा बीमा कार्ड तपाईंको घरमा पठाइनेछ। निवासी कार्यालयमा एकैसाथ बसाइँ सरेर आएको (आवेदन दिन) र राष्ट्रिय स्वास्थ्य बीमामा सहभागी हुन सकिन्छ।

3 बसाइँ सरेर तोसिमा सहरमा आएको बेला (अघिल्लो ठेगाना भएको ठाउँमा राष्ट्रिय स्वास्थ्य बीमामा सहभागी नभएको खण्डमा)

बसाइँ सरेर आएको आवेदन दिएपछि रेजिडेन्स कार्ड र पासपोर्ट लिएर राष्ट्रिय स्वास्थ्य बीमा शाखामा गई प्रक्रिया गर्नुहोस्। निवासी कार्यालयमा एकैसाथ बसाइँ सरेर आएको (आवेदन दिन) र राष्ट्रिय स्वास्थ्य बीमामा सहभागी हुन सकिन्छ।

4 अन्य सार्वजनिक स्वास्थ्य बीमा छोडेको बेला

पासपोर्ट अथवा रेजिडेन्स कार्ड र अन्य सार्वजनिक स्वास्थ्य बीमा छोडेको मिति थाहा हुने कागजात लिएर राष्ट्रिय स्वास्थ्य बीमा शाखा अथवा निवासी कार्यालयमा गई प्रक्रिया गर्नुहोस्।

## 3 राष्ट्रिय स्वास्थ्य बीमा छोड्ने प्रक्रियाको बारेमा **14 दिन भित्र प्रक्रिया गर्नुहोस्।**

1 तोसिमा सहरबाट बसाइँ सरेर (जापान बाहिर) जाने बेला

पासपोर्ट अथवा रेजिडेन्स कार्ड र राष्ट्रिय स्वास्थ्य बीमा कार्ड लिएर समग्र काउन्टर शाखा अथवा निवासी कार्यालयमा गई प्रक्रिया गर्नुहोस्।

2 अन्य सार्वजनिक स्वास्थ्य बीमामा सहभागी भएको बेला

पासपोर्ट अथवा रेजिडेन्स कार्ड, राष्ट्रिय स्वास्थ्य बीमा कार्ड र अन्य स्वास्थ्य बीमा कार्ड लिएर राष्ट्रिय स्वास्थ्य बीमा शाखा अथवा निवासी कार्यालयमा गई प्रक्रिया गर्नुहोस्।

***लामो अवधि जापान बाहिर जाने खण्डमा बसाइँ सरेर विदेशमा जाने आवेदन दिनुहोस्। आवेदन नदिएको खण्डमा निरन्तर बीमा प्रिमियम लागिरहन्छ।**

***माथि लेखिएको अवस्थामा तुरुन्तै छोड्ने प्रक्रिया गर्नुहोस्। साथै यो अवस्थामा तोसिमा सहरको राष्ट्रिय स्वास्थ्य बीमा कार्ड प्रयोग गर्नु हुँदैन!! प्रयोग गरेको खण्डमा तोसिमा सहरमा चिकित्सा सेवा शुल्क फिर्ता गर्नु पर्नेछ।**

## 4 बीमा कार्डको वैध म्याद

बीमा कार्डको वैध म्याद बसोबास म्यादको भोलिपल्ट वा एकैसाथ बीमा कार्ड नवीकरण नभएसम्म हुनेछ। बसोबास म्याद नवीकरण गरेको खण्डमा बीमा कार्ड र रेजिडेन्स कार्ड लिएर राष्ट्रिय स्वास्थ्य बीमा शाखामा गई वैध म्यादको नवीकरण प्रक्रिया गर्नुहोस्। वैध म्याद बितेको बीमा कार्ड प्रयोग गर्न सकिँदैन।

## 5 बीमा प्रिमियमको बारेमा विद्यार्थी छुट छैन।

राष्ट्रिय स्वास्थ्य बीमाको बीमा प्रिमियम "समान दरको रकम" र "आय अनुसारको रकम" मा विभाजन गरी हिसाब गरिन्छ।
"समान दरको रकम" भनेको जतिसुकै आय भए तापनि प्रत्येक सहभागीलाई लगाइने बीमा प्रिमियम हो।
"आय अनुसारको रकम" भनेको अघिल्लो वर्षको आय (जनवरीदेखि डिसेम्बरसम्मको आय) बाट हिसाब गरिने बीमा प्रिमियम हो।
बीमा प्रिमियमको विस्तृत हिसाब विधिको लागि तोसिमा सहर कार्यालयको होमपेजमा हेर्नुहोस्।

**साथै आय नभएको (मानक रकम भन्दा कम) व्यक्ति भए तापनि हरेक वर्ष निवासी कर उद्घोष नगरेमा समान दरको रकमलाई घटाइनेछैन।** हरेक वर्ष जनवरी 1 तारिखमा ठेगाना भएको ठाउँको सरकारी कार्यालयको करको काम गर्ने शाखामा गई उद्घोष गर्नुहोस्।

साथै बसाइँ सरेर जनवरी 2 तारिख वा सोभन्दा पछि **तोसिमा सहरमा आएको व्यक्तिको बीमा प्रिमियम,** अघिल्लो वर्षको आय थाहा नहुने हुनाले सुरुमा समान दरको रकमबाट मात्र हिसाब गरिन्छ। त्यसपछि उद्घोष गरेको सहर, नगरपालिका वा गाउँपालिकासँग आय जाँचबुझ गरी आय अनुसारको रकम हिसाब गरिन्छ। **तसर्थ आर्थिक वर्षको बीचमा बीमा प्रिमियम परिवर्तन हुने अवस्थाहरू हुन सक्छन्।** (आय नभएको अथवा मानक रकम भन्दा कम भएको खण्डमा समान दरको रकम घटाइनेछ।)

बसाइँ सरेर आएको आवेदन दिएपछि अन्य सहर, नगरपालिका वा गाउँपालिकामा निवासी कर उद्घोष गरेको व्यक्तिले तोसिमा सहर राष्ट्रिय स्वास्थ्य बीमा शाखामा सम्पर्क गर्नुहोस्।

## 6 बीमा प्रिमियम भुक्तानी नगरेमा

1. भुक्तानी म्यादसम्ममा बीमा प्रिमियम भुक्तानी गरेन भने ताकेतापत्र र अन्तिम सूचना पठाइनेछ।
2. ताकेतापत्र पठाउँदा पनि तोकिएको म्यादसम्ममा भुक्तानी नगरिएको खण्डमा बैंक, कार्यस्थल आदिको सम्पत्ति छानबिन, बैंकको खातामा भएको रकम, तलब आदि जफत गरिनेछ।
3. भुक्तानी गर्न बाँकी भएको सजायमा आवश्यक छानबिन आदिको प्रश्नको जवाफ नदिएमा वा झूटो कुरा भनेको खण्डमा 1 वर्ष वा सोभन्दा कमको जेल सजाय अथवा 5 लाख येन वा सोभन्दा कमको जरिबाना हुनेछ।
4. बीमा प्रिमियम भुक्तानी गर्न बाँकी भयो भने बसोबास योग्यता परिवर्तन र बसोबास अवधि नवीकरणको आवेदन अस्वीकार गरिने अवस्थाहरू पनि हुन्छन्।
5. बीमा प्रिमियम भुक्तानी गर्न बाँकी भयो भने छोटो म्याद भएको "छोटो अवधिको बीमित कार्ड" जारी गरिने अवस्थाहरू पनि हुन्छन्।
6. बीमा प्रिमियम भुक्तानी गर्न बाँकी भएको स्थिति अनुसार बीमा कार्डको सट्टामा "बीमित योग्यता प्रमाणपत्र" जारी गरिने अवस्थाहरू पनि हुन्छन्। यो अवस्थामा अस्पताल आदिमा भुक्तानी गर्ने चिकित्सा सेवा शुल्कको सम्पूर्ण रकम एक पटक आफैले बेहोर्नुपर्ने हुन्छ। पछि बीमा लाभ रकमको भुक्तानी लिनको लागि आवेदन दिन सकिन्छ तर अन्य बीमा लाभ (उपचार तथा स्वास्थ्यलाभ शुल्क, उच्च रकमको उपचार तथा स्वास्थ्यलाभ शुल्क आदि) सहित भुक्तानी गर्न बाँकी बीमा प्रिमियममा प्रयोग गरिने अवस्थाहरू पनि हुन्छन्।

◆भुक्तानी गर्न बाँकी बीमा प्रिमियमको सम्पर्क स्थान: तोसिमा सहर राष्ट्रिय स्वास्थ्य बीमा शाखा व्यवस्थापन संकलन ग्रुप र विशेष व्यवस्थापन ग्रुप
फोन: 03-3981-1294 • 1295

(Toshimaku kokuminkenkōhokenka seirishūnōgurūpu・tokubetsuseirigurūpu)

**सम्पर्क स्थान: तोसिमा सहर राष्ट्रिय स्वास्थ्य बीमा शाखा योग्यता तथा बीमा प्रिमियम समूह फोन: 03－4566－2377**

**(Toshimaku kokuminkenkōhokenka shikaku ・ hokenryōgurūpu)**